## जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयहरु (मिति २०७८।०७।०८) :-

१. मिति २०७८ असोज १८ गते देखि कृष्णनगर न.पा. को वडा नं. ७, ८ र ९ मा फैलिएको झाडा पखालाका विरामीहरु मध्ये आज बिहान ८ :०० बजे सम्म शिवराज अस्पताल, बहादुरगंजमा ११२९ जना उपचारका लागि आएका मध्ये उपचार गरी फर्केका १०६०, उपचाररत २६, रिफर गरिएका ४३ जना, अस्पतालमा उपचारका क्रममा मृत्यु नभएको, घरमा वा उपचार गर्न ल्याउँदै गर्दा ४ जनाको मृत्यु भएको । आजको बैठकमा रहेको प्रस्तुति तथा छलफलबाट झाडापखालाका बिरामीको नमूना संकलनमा हैजा देखिएको, पिउने पानीमा कोलिफर्म भेटिएको र कृष्णनगर न.पा.का छिमेकी पालिकाहरु शिवराज न.पा., महाराजगंज न.पा., विजयनगर गा.पा. मा समेत झाडापखालाका विरामी देखिएको । साथै यशोधरा गा.पा. मा र हालै बुद्धभूमि न.पा. मा समेत देखिएकोले यो महामारीलाई मध्यनजर गरी कपिलवस्तु जिल्लाका सबै स्थानीय तहहरुले तत्कालै स्थानीय विपद् व्यवस्थापन समिति तथा कार्यपालिकाको बैठक बसी झाडापखाला रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा ठोस योजना बनाएर घरदैलो कार्यक्रम, विद्यालय/ शिक्षक कार्यक्रम, रेडियो कार्यक्रम, सडक नाटक, माइकिङ् गरी पानी उमालेर खान, साबुन पानीले हात धुन, सफा खानेकुरा खान, खानेपानीको पाइप फुटेको छ भने तत्कालै खबर गर्न वा त्यसको पानी नखान, पानी जस्तो दिसा आएमा तत्काल स्वास्थ्य संस्था/ अस्पतालमा जान भन्ने जस्ता संदेशमूलक सामाग्री तयार गरी सचेतनाका लागि प्रचार प्रसार गर्ने लगायत संलग्न कुराहरुलाई समेटेर पूर्व तयारी योजना बनाउने र साझेदार संस्थाहरुको सहयोगसमेत लिएर कार्यान्वयनमा ल्याउने ।

२. कपिलवस्तु जिल्लाका धेरै जसो ठाउँमा खुला रुपमा दिशा पिसाब गर्ने गरेको पाइएकोले खुला रुपमा दिशा पिसाब गर्न नदिन स्थानीय जनप्रतिनिधि, गाउँ/ टोल संस्था, सुरक्षाकर्मी परिचालन गरी रोक्ने ।

३. स्थानीय तहबाट खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, संचारकर्मी र प्रहरीको सहयोग लिएर होटल तथा बजारमा बिक्री हुने तयारी खाद्य वस्तु लगायतको अनुगमन गर्ने ।

४. प्रकोप शुरुवात भएदेखि हालसम्म अस्पताल तथा समुदायमा सक्रिय रुपले खटिने चिकित्सक, स्वास्थ्यकर्मी, जनस्वास्थ्य कर्मी, सफाईकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधिहरु, स्वयंसेवकहरु, स्थानीय तहहरु, साझेदार संघसंस्थाहरु , पत्रकारहरु, नागरिक समाजका प्रतिनिधिहरु, समाजसेवीहरु सबैलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछ ।

५. कृष्णनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृष्णनगर कपिलवस्तुको च.नं. ६९९ मिति २०७८।०७।०५ को पत्रानुसार वागबानी स्रोत केन्द्रलाई कृष्णनगर नगरपालिका वडा नं.-९ साबिक बहादुरगञ्ज -८ ख को कि.नं. १ को जग्गा, "सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७१" अनुसार प्राप्त गर्ने प्रयोजनार्थ उक्त जग्गा विपद् व्यवस्थापनका लागि भनी रोकी राख्नु नपर्ने भनी लेखि आएको र बैठकबाट उक्त जग्गा विपद्का लागि आवश्यक नपर्ने हुँदा बागबानी स्रोत केन्द्र बनाउनका लागि सिफारिस गर्ने ।

६. हालै आएको हावाहुरी सहितको वर्षाले धानबालीमा भएको क्षति विवरण (कृषि ज्ञान केन्द्र मार्फत प्राप्त) कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र गृह मन्त्रालयमा पठाउने ।

७. मिति २०७८ श्रावण देखि हालसम्म खोलाले बगाएर वा डुबी मृत्यु भएका र सर्पदंशले मृत्यु भएका व्यक्तिका हकदारलाई राहत उपलब्ध गराउन लुम्बिनी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

८. मिति २०७८ श्रावण देखि मिति २०७८।०५।११ सम्म जिल्ला विपद् व्यवस्थापन समितिबाट विभिन्न व्यक्तिलाई उपलब्ध गराइएको राहत रकम जम्मा रु. ५,६६,५००।- खर्चको अनुमोदन गरियो ।

९. कोभिड -१९ को संक्रमण अवस्था रहिरहेकोले सावधानीका साथ पूर्ववत् प्रयासलाई निरन्तरता दिने ।

प्रमाणित
२०७८।७।८

## योजनामा समावेश गर्ने विषयहरु :-

### अल्पकालीन रणनीति

- **फैलिदै गएको संक्रमणलाई थप फैलिन नदिने ।**
- **संक्रमणले कुनै पनि विस्फोटक रुप लिन सक्ने भएकोले सबै स्थानीय तह, अस्पताल, र स्वास्थ्य संस्थाहरु पूर्वतयारी गर्ने ।**
- **खाद्य तथा खानेपानीको गुणस्तर कायम गर्ने ।**
- **स्वस्थ्य व्यवहार प्रवर्धन गर्ने ।**

### अल्पकालीन रणनीति अन्तर्गत गर्नुपर्ने क्रियाकलापहरु

**जनस्वास्थ्यकर्मी, स्वास्थ्य कर्मी, महिला स्वयंसेविकाहरुको समूहले घरभेट गर्ने**

- दिसाको कारण हैजा फैलिने बारे जनचेतना अभिवृद्धि गर्ने ।
- चर्पीको महत्व, हात धुनुको महत्वबारे बुझाउने र हैजाबारे जनचेतना अभिवृद्धि गर्ने ।
- जीवनजल, क्लोरिन झोल वा ट्यावलेट प्रदान गर्ने ।
- साझेदार निकायहरुबीच पर्याप्त समन्वय गर्ने ।

**समुदायका गाँउ टोलहरुमा छलफल कार्यक्रम गर्ने**

- टोलहरुमा हात धुने विधि र महत्वबारेमा प्रदर्शन गर्ने ।
- जीवनजल बनाउन सिकाउने ।
- क्लोरिनले पानी शुद्ध गर्ने तरिकाबारे बताउने ।
- सडक नाटकहरु संचालन गर्ने ।

**होटलहरुको अनुगमन गर्ने र खाना र पानीको स्वच्छता कायम गर्ने**

- होटलहरुसँग समन्वय बैठक संचालन गर्ने ।
- ड्रममा पानी राखेर खुवाउन तुरुन्त बन्द गर्ने र टुटीवाला ड्रमको व्यवस्था गर्ने ।
- जनस्वास्थ्यकर्मीहरुले पानी शुद्धीकरण गरेर मात्र खुवाउन सिकाउने तथा स्थानीय तहले सोको अनुगमन गर्ने ।
- प्रत्येक हप्तामा सबै होटलहरुको पानी जाँच गर्ने (होटलहरुको पानीको नमुना संकलन तथा परीक्षणमा स्थानीय तहले सहयोग गर्ने)
- हात धुने ठाँउ, खाना बनाउने ठाँउको सरसफाई तथा चर्पीको अनिवार्य व्यवस्था गर्न लगाउने ।

**विद्यालयमा स्वास्थ्य कार्यक्रम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने**

- विद्यालयका शिक्षकहरुलाई अभिमुखीकरण गर्ने (हरेक वडाहरुमा)
- हरेक दिन विद्यालयको पानी शुद्दीकरण गर्न सिकाउने र शुद्दीकरणलाई निरन्तरता दिने ।
- विद्यालयमा चर्पीको व्यवस्था तथा सरसफाईलाई कायम राख्ने ।
- विद्यार्थीलाई हरेक दिन कम्तीमा ३० मिनेट हात धुने तरिका, चर्पीको महत्व, र सरसफाईबारे सिकाउने ।
- बिद्यार्थीहरुबीचमा सरसफाईको महत्व, चर्पीको महत्व, हात धुनुको महत्वबारे वादविवाद प्रतियोगिता, वकृत्वकला प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता आदि संचालन गर्ने आदि ।

**बजार क्षेत्रको सरसफाईलाई प्राथमिकता दिने**

- नगरपालिका/गाउँपालिकाले नगर तथा गाँउ क्षेत्रको सरसफाईमा स्थानीयहरुलाई परिचालन गरी सरसफाई अभियान चलाउने।
- मुख्य चोकहरुमा सार्वजनिक डस्ट विनहरु राख्ने।
- सफाई कर्मचारीहरुमार्फत नियमित सरसफाई गर्ने।
- फोहर गर्नेहरुलाई जरिवानाको व्यवस्था गरी स्थानीय प्रशासनले कारवाही गर्ने व्यवस्था मिलाउने।

**संक्रमणले कुनै पनि विस्फोटक रुप लिन सक्ने भएकोले सबै स्थानीय तह, अस्पताल, र स्वास्थ्य संस्थाहरु पूर्वतयारी गर्ने**

- सबै पालिकाहरुले हुन सक्ने महामारीलाई मध्यनजर गर्दै स्वास्थ्यकर्मीहरु, औषधी उपकरणहरु तयारी अवस्थामा राख्ने।
- दरबन्दी अनुसारको कर्मचारी कानुन बमोजिम भर्ना गर्ने। यदि कानुन अभाव भएमा संघीय र प्रादेशिक कानुनसँग नबाझिने गरी कानुन बनाई कार्यान्वयन गर्ने।
- स्वास्थ्य संस्था वा अस्पतालमा आएका सेवाग्राहीहरुलाई स्वच्छता, चर्पीको महत्व, र खाना तथा पानीको सरसफाईको महत्वबारे स्वास्थ्य शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने।
- निजी क्लनिकहरुसंग अन्तर्क्रिया गरी कुनै पनि झाडा पखालाको बिरामी आएको खण्डमा तुरुन्त नगरपालिकाको स्वास्थ्य शाखामा जानकारी गराउन, सम्पूर्ण विरामीहरुको अभिलेख राख्न र प्रोटोकल अनुसार मात्र विरामीहरुको उपचार गराउने बारेमा निर्णय गर्ने।
- कुनै पनि स्वास्थ्य संस्थामा वा समुदायमा झाडापखालाका बिरामीहरु छन् भन्ने सूचना आएको खण्डमा तत्काल नगरपालिकाको स्वास्थ्य शाखा र स्वास्थ्य कार्यालयलाई जानकारी गराउने व्यवस्था मिलाउने।

**खानेपानी संस्थान तथा उपभोक्ता समितिहरुले गर्नुपर्ने काम**

- खानेपानीलाई शुद्धीकरण गरेर मात्र सर्वसाधारणको घरमा पठाउने व्यवस्था मिलाउने।
- खानेपानीको गुणस्तर कायम भएको एकिन गर्न घरका धाराहरुबाट नमुना संकलन गरी कोलिफम र FRC को जाँच गरी पर्याप्त रहेको एकिन गर्ने ।
- कुनै स्थानमा पाईप फुटेको वा मर्मत गर्नु पर्ने भएमा तत्काल सो पानी उपभोग गर्ने सर्वसाधारण लाई तुरुन्तै जानकारी गराउने र पानी नपिउन जानकारी गराउने।
- मर्मत गर्नुपर्ने पाईपलाई तुरुन्तै मर्मत गर्ने व्यवस्था मिलाउने।

**स्वस्थ बानी व्यवहार प्रवर्धन गर्ने**

- आम संचारका माध्यमबाट खाना तथा पानीको सरसफाई, चर्पीको महत्वबारे जिंगल, नाटक, कथा, सुचना आदि प्रकाशन प्रशारण गर्ने।
- विद्यालय, सार्वजनिक कार्यालयहरु, अस्पताल, स्वास्थ्य संस्थाहरुमा TV को व्यवस्था गरि संदेशहरु प्रसारण गर्ने व्यवस्था मिलाउने।
- हरेक सार्वजनिक कार्यालयहरुमा तत्काल हात धुने व्यवस्था मिलाउने।
- विद्यालयमा शिक्षकहरुमार्फत विद्यार्थीहरुलाई सरसफाईको महत्वबारे सिक्ने सिकाउने।
- टोल टोलमा सरसफाई समिति गठन गरी सरसफाईको अनुगमन गर्ने व्यवस्था मिलाउने।

**मध्यमकालीन रणनीति**

- झाडापखाला जन्य रोगको मुख्य कारण खुल्ला रुपमा हुने दिसा लाई कुनै पनि हालतमा रोक्ने।
- कम गहिरो ट्रयुवेलहरुलाई विस्थापित गर्ने र कम्तीमा १०० फिट गहिरो ट्रयुवेलको व्यवस्थापन गर्ने।
- बजार क्षेत्रमा सरसफाई कायम गर्ने।

यस रणनीति अन्तर्गत निम्न क्रियाकलापहरु संचालन गर्ने

- गाउँ/नगर कार्यपालिको बैठक तथा अन्य सरोकारवालाहरु सँग बैठक बसी खुल्ला दिसा मुक्त क्षेत्र कायम गर्न स्थानीय स्तरमा रणनिती तथा निश्चित समयावधिको कार्ययोजना बनाई लागु गराउने.।
- होटल संचालन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र कार्यान्वयनको अवस्था जाँच गर्न नियमित अनुगमन गर्ने।
- नगरपालिका तथा गाँउपालिकाबाट कम गहिरो ट्युववेललाई विस्थापित गर्ने र ट्युववेल लगाउनै परेको खण्डमा खानेपानीको गुणस्तर कायमगर्न सम्बन्धित अधिकारीको समन्वयमा ट्युववेल लगाउने।
- ओभर हेड ट्यांकीको पानीको गुणस्तर निरन्तर परीक्षण गर्ने।
- सार्वजनिक स्थलमा पर्याप्त पानी सहितको सार्वजनिक शौचालयको व्यवस्था गर्ने र सो को निरन्तर सरसफाईको व्यवस्था मिलाउने
- सार्वजनिक स्थलमा सफा पिउने पानीको व्यवस्था गर्ने।
- सेप्टी ट्यांकको फोहरको उचित व्यवस्थापन गर्न फोहर फाल्ने ठाउँको व्यवस्थापन गर्ने र तोकिएको स्थलमा फोहर नफाल्नेलाई तत्काल कारवाही गर्ने।

दीर्घकालिन रणनीति तथा क्रियाकलापहरु

- पूर्ण सरसफाई युक्त पालिका अभियान संचालन गर्ने र सूचकहरुको आधारमा कार्ययोजना बनाई लागु गर्ने।
- सबै नागरिक लाई शुद्ध खानेपानीको तथा व्यवस्थापन गर्ने।